स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार दीपकराज गिरीले मुलुकको वर्तमान राजनीतिक परिवर्तन र संसदमा देखिएको समावेशी प्रतिनिधित्वको मुख्य श्रेय माओवादी जनयुद्धलाई जाने बताएका छन्। उनले सामाजिक सञ्जालमा एक पोष्ट गर्दै यस्तो धारणा राखेका हुन्। उनी लेख्छन्- 'आजको यो परिवर्तन। संसदमा यत्रा महिलाहरु दलित, उत्पीडित वर्गको प्रतिनिधित्व। यसको श्रेयचाहिँ माओवादी जनयुद्धलाई नै जान्छ।'

आजको विचार...



नयाँ...
(दुई पेजमा)

चन्द्र घिमिरे

फिल्म 'परालको आगो' को गीत 'उडी जाऊँ भने म पंक्षी होइन' युट्युबमा रिलिज भएको छ। गीतमा कलाकार सुहाना थापा, प्रकाश सपुत, मन्जिल बानियाँको अभिनय छ। मायालु रहेको ठाउँमा जान मन लागेको तर आफू त्यहाँ पुग्न नसक्दा दुःख लागेको भाव मुख्य पात्रले गरेकी छन्। गीतको भिडियोमा रामजी लामिछानेको नृत्य निर्देशन छ। शान्ती ठटालको संगीतमा रहेको गीतमा निशु शर्माको स्वर समावेश छ। श्रोतामाझ यसअघि नै चर्चित भैसकेको गीतलाई पुनः एरेन्जमार्फत सार्वजनिक गरिएको हो।



❒ वर्ष ३१ ❒ अंक २२८ ❒ २०८२ चैत ३ गते मंगलबार 17 March 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पाकिस्तानी गोलाबारीका कारण ४ को मृत्यु

(रासस/एएफपी)

**अफगानिस्तान,** चैत २/पूर्वी अफगानिस्तानमा आइतबार -सोमबारको बीचमा भएको पाकिस्तानी गोलाबारीमा तीन जना बालबालिका र एक जना महिलाको मृत्यु भएको अफगान अधिकारीहरूले बताएका छन् । अधिकारीहरूका अनुसार दुई पक्ष बीच सीमापार झडपका कारण गत हप्तामा अफगानिस्तानमा १८ जना सर्वसाधारण मारिएका थिए । आइतवार राती पाकिस्तानी सेनाले गुरबुज जिल्लाको नारी गाउँमा गरेको गोलाबारीमा एक महिला र एक बच्चाको मृत्यु भएको पूर्वी खोस्ट प्रान्तका गभर्नरका प्रवक्ता मुस्तघफिर गुरबुजलाई उदृत गर्दै एएफपीले जनाएको छ । स्वास्थ्य क्लिनिक र अर्को गाउँमा भएको गोलाबारीमा एक जना महिलासहित चार जना घाइते भएको जनाइएको छ भने घाइते मध्ये दुई जनाको अवस्था गम्भीर रहेको बताइएको छ । अफगानको खोस्त क्षेत्रमा आइतबार भएको पाकिस्तानी गोलाबारीमा दुई जना बालबालिकाको मृत्यु भएको गभर्नरको कार्यालयले विज्ञप्ति मार्फत जनाएको हो । आइतबार पूर्वी नुरिस्तान प्रान्तमा गोलाबारी हुँदा एक व्यक्तिको मृत्यु भएको सरकारका उप प्रवक्ता हमदुल्ला फित्रतले सामाजिक सञ्जाल एक्स मार्फत जनाएका छन् । यस अघि शुक्रबार अफगानिस्तानमा संयुक्त राष्ट्रसैंय मिसनले फेब्रुअरी-२६ मा पाकिस्तानसँगको झडपमा ७५ जना सर्वसाधारणको मृत्यु भएको पुष्टि गरेको छ ।

# सारसको रोजाइमा लुम्बिनी फस्टाउँदै प्रजनन्स्थल



**राष्ट्रिय समाचार समिति (रासस) भैरहवा (रुपन्देही),** चैत २/बिहानको शान्त वातावरणमा लुम्बिनी आसपासका सिमसार क्षेत्रमा कहिलेकाही सुनिने गहिरो स्वरले यहाँको प्रकृतिलाई अझै जीवन्त बनाइदिन्छ । त्यो स्वर हो । प्रेम, निष्ठा र शान्तिको प्रतीक मानिने लोपोन्मुख पन्छी सारसको । विश्वकै प्राचीन चरामध्ये एक मानिने सारसका लागि लुम्बिनी क्षेत्र अहिले सुरक्षित बासस्थान मात्र होइन, प्रजननका लागि उपयुक्त स्थलका रूपमा परिचित हुँदै गएको छ । स्थानीय बासिन्दाको सचेतना, लुम्बिनी सांस्कृतिक नगरपालिकाको सक्रियता र स्थानीय क्लबको सहकार्यले यहाँ सारस संरक्षण अभियानलाई नयाँ उचाइ दिएको छ ।

प्रकृतिको काखमा सुरक्षित महसुस गरेका सारस यतिबेला लुम्बिनी वरिपरि ढुक्क भएर सन्तान वृद्धिमा लागेका छन् । सिमसार क्षेत्रमा मानव चहलपहल कम हुने भएकाले यी स्थान सारसको रोजाइमा पर्ने गरेका छन् । प्रजननको समयमा जोडीमा बस्ने सारसले एक प्रजनन अवधिमा प्रायः दुई वटा अण्डा पार्ने गर्छ । वर्षा ऋतुको समयमा करिब ३० देखि ३२ दिनसम्म ओथारो बसेपछि चल्ला कोरलिन्छन् । चल्ला पाँचदेखि छ महिनासम्म माउसँगै बस्ने गर्छन् । यही अवधिमा आमा-बुबाले आहारा खोज्ने र जीवनयापन गर्ने तरिका सिकाउँछन् । सारस संरक्षणकर्मी अर्जुन कुर्मीका अनुसार सारसका बच्चा दैनिक करिब एक इन्चको दरले हुर्कने गर्छन् । "बच्चा केही हुर्किएपछि सारसको जोडीले नाचेर आफ्नो व्यवहार देखाउँछन् । त्यो नृत्य चल्लालाई सिकाउँछन्", उनी भन्छन् । सारसको जीवनचक्रमा रोचक पक्ष छन् । ओथारो बसेको समयमा भाले सारसले टाढाबाट आहारा खोजेर ल्याउने गर्छ । बच्चा निस्केपछि आहारा खोज्न धेरै टाढा जान नपरोस् भनेर उसले नजिकको आहारा टिप्न छाड्ने गरेको बताइन्छ । गङ्गटो, भ्यागुता, माछा र केही विशेष घाँसका जरा सारसका प्रिय आहार हुन् । लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा गाउँपालिका हुँदै मर्चवार क्षेत्रसम्म अहिले सारसको प्रजनन गतिविधि देखिन थालेको छ । संरक्षणकर्मी कुर्मीका अनुसार अहिले नेपालमा ७०० जति सारस रहेका छन् । यीमध्ये लुम्बिनी आसपासमा मात्रै करिब ८० प्रतिशतभन्दा बढी जोडी सारस रहेका छन् । लोपोन्मुख मानिने यस पन्छीको संरक्षणमा अहिले स्थानीय बासिन्दा सक्रिय रूपमा जुटेका छन् । लुम्बिनी सांस्कृतिक नगरपालिकाले सारसलाई 'नगर पन्छी' घोषणा गरेर संरक्षण अभियानलाई संस्थागत रूप दिएको छ । लुम्बिनी विकास कोषले सारसका लागि उपयुक्त क्षेत्र छुट्याएको छ । विश्व शान्ति स्तूपको उत्तरतर्फको भागलाई सारस संरक्षण क्षेत्र तोकिएको छ, जहाँ अहिले धेरै जोडी सारस देख्न सकिन्छ । यसबाहेक मर्चवार र लुम्बिनीको सीमा क्षेत्र भइ, बभनी, अजमा लगायतका क्षेत्रमा ठूलो समूहमा सारसहरू रमाइरहेका हुन्छन् ।

-बाँकी अन्तिम पेजमा...

## आज पाहाँचः्हे पर्व मनाइँदै



**पाल्पा,** चैत २/आज देशभरका नेवार समुदायले पाँहाचः्हे पर्व मनाउँदै छन् । हरेक वर्ष चैत्र कृष्ण चतुर्दशीदेखि प्रतिपदासम्म पाहाँचः्हे चाड विभिन्न किसिमले मनाउने गरिन्छ । दसैँपछिको ठूलो पर्वका रुपमा नेवार समुदायले यो पर्वलाई लिने गर्दछन् ।

विशेष गरी घोडेजात्राको अघिल्लो दिनदेखि तीन दिनसम्म काठमाडौँ उपत्यकावासीले यो पर्व मनाउने गर्छन् । कसैले यसलाई पासाचह्रे पनि भन्ने गर्छन् । नेवार भाषामा पाहाँको अर्थ पाहुना र पासाको अर्थ साथी हो । चन्द्रमासको क्यालेन्डर अनुसार चौथौ दिनलाई चह्रे भनिन्छ । यो समय भनेको जाडो याम सकेर गर्मी सुरु हुने समय भएकाले हुरीबतास आउने, पानी पर्ने र विभिन्न रोग पनि लाग्ने भएकाले त्यसलाई छेक्न अर्थात् रोगव्याधिबाट बच्न धार्मिक उपाय अनुसार पाहाचः्हे चाड मनाउँदै आइएको भन्ने मान्यता छ । यसरी विभिन्न किसिमका समस्याबाट बच्न विभिन्न देवतालाई राँगा, हाँस, कुखुरा, बोका बलि दिएर तान्त्रिक विधिबाट पूजा गरिँदै आइएको छ । पाहाँचः्हेका दिन फोहोरको डंगुरमा गाडेर राखिएको लुकुमहाद्य: (लुकेका महादेव) लाई पनि तान्त्रिक विधिबाट समय्बजि, छ्वयला, जाँड-रक्सी चढाइ पूजा गरिन्छ ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु




**पाल्पा,** चैत २/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार अर्घाखाँची, सर्लाही, मोरङ र धनुषाका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको हो ।

अर्घाखाँचीको पाणिनी गाउँपालिका-८ कोलडाँडास्थित सडकमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । लु.५ त १७५ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा चालक कपिलवस्तुका ४० वर्षीय पन्तराम चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै सर्लाहीको कविलासी नगरपालिका-८ कविलासीस्थित सडकमा मोटरसाइकलकोठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । म.प्र.०२-००६ प ७०७ नम्बरको मोटरसाइकलको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ६५ वर्षीय राम नरेश महतोको सोमबार बिहान मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल मलंगवामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै धनुषाको सबैला नगरपालिका-९ स्थित सडकमा मोटरसाइकलाई गाडीले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । प्र.२-०२-००२ प २६७७ नम्बरको मोटरसाइकलाई म.प्र.०२-००१ ज ०१०४ नम्बरको गाडीले सोमबार बिहान ठक्कर दिँदा मोटरसाइक्ल चालक सहिदनगर नगरपालिका-१ कुमकरन बस्ने ३० वर्षीय सरोज यादवको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरी जनाएको छ । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै मोरङको जहदा गाउँपालिका-१ भुटाहास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बीआर ३८ के २८५० नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक भारत बिहार घर भएका ३५ वर्षीय श्रवण राजवंशीको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनाका विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## पाहाँचःह्रे पर्वको सन्दर्भ

**नेवार समुदायले मान्दै आइरहेको चाडमध्ये पाहाचह्रे एक हो । धार्मिक, सांस्कृतिक र ऐतिहासिक परम्परा अनुसार यस वर्षको विशेष महत्व रहेको छ । यस चाडलाई दसैं-तिहारपछिको ठूलो चाडका रुपमा मनाइने गरिन्छ । पाहा अर्थात् पाहुना र चह्रे अर्थात् चतुर्दशी भएकाले यस दिन पाहुनालाई बोलाई मनाउने चाड भन्ने अर्थ लाग्छ । यस चाडलाई पाशा चह्रे पनि भन्ने गरिन्छ । नेपालभाषामा 'पासा' शब्दले 'साथी' बुझाउँछ । पाशा चह्रेले साथी बुझाउने हुनाले साथीभाइसँग रमाइलो गरी मनाउने चाड भएकाले यो चाडको नाम रहन गएको पनि बुझिन्छ ।**

**नेवारहरू संस्कृति र संस्कारमा धनी छन्, त्यसमा पनि आफ्नैपनको संस्कार अनुसार पहिला अरुलाई खुवाएर मात्र आफूले खाने गर्छन्, यही विशेषता पाहाँचःह्रे चाडले बोकेको छ । नेवारहरुले आफ्ना पितृलाई मान्ने अनि आफन्त, साथीभाइ, पाहुनालाई बोलाई भोज खुवाएर चाड मान्ने गर्छन् । नेवारहरूको पाहाँचःह्रे वा अन्य कुनै पनि चाडबाडमा कोही नचिनेका मानिस आए पनि भोज खुवाएर पठाउने परम्परा छ । हरेक वर्ष चैत्र कृष्ण चतुर्दशीदेखि प्रतिपदासम्म पाहाँचःह्रे चाड विभिन्न किसिमले मनाइन्छ । यो समय भनेको जाडो याम सकेर गर्मी सुरु हुने समय भएकाले हुरीबतास आउने, पानी पर्ने र विभिन्न रोग पनि लाग्ने भएकाले त्यसलाई छेक्न अर्थात् रोगव्याधिबाट बच्न धार्मिक उपाय अनुसार पाहाचःह्रे चाड मनाउँदै आइएको भन्ने मान्यता छ । यसरी विभिन्न किसिमका समस्याबाट बच्न विभिन्न देवतालाई राँगा, हाँस, कुखुरा, बोका बलि दिएर तान्त्रिक विधिबाट पूजा गरिँदै आइएको छ ।**

**पाहाँचःह्रेका दिन फोहोरको डंगुरमा गाडेर राखिएको लुकुमहाद्यः (लुकेका महादेव) लाई पनि तान्त्रिक विधिबाट समय्बजि, छ्वयला, जाँड-रक्सी चढाइ पूजा गरिन्छ । समग्रमा यो चाड नेवार समुदायले मनाउने अन्य चाड भैं विभिन्न आस्थामा विभिन्न गतिविधि गरी मनाउने चाड हो । यसले गर्मी मौसम आउने समयमा सागः (ढल) सफा राख्ने, गरूमापा रूपी राक्षसी प्रवृत्तिको दमन, समाजमा चलेको गरिब र धनीप्रति गरिने व्यवहार, बालबच्चालाई निरोगी बनाउन खुवाइने सन्तुलित भोजन र नेवार समाजमा सनातनी धर्मको प्रवेशमा देखाएको व्यवहारलाई चित्रण गर्दछ ।**

### Opinion @ Social Network

कसैलाई परिवर्तन गर्ने मान्छे चाहिँदैन
अरूको हेरेर आफै बदलिदै जानु पर्छ ।
*(राम शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Ram.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नयाँ सरकारसामु शासकीय सुधारको ठूलो अवसर



## चन्द्र घिमिरे

> *सार्वजनिक विद्यालय शिक्षा प्रणालीमा सुधार गर्नु पर्दा सरकारी शिक्षकहरू विगतमा जस्तै फेरि पनि आन्दोलित हुन सक्छन् । किनकि अधिकांशलाई दक्षतामा भन्दा खाईपाई आएको सुविधामा बाँच्ने कुलत बसिसकेको हुन्छ ।*

आम चुनाव २०८२ लगत्तै जनमानसको कौतूहल अर्को चरणमा प्रवेश गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले ऐतिहासिक जनमत पाएसँगै आगामी सरकारले के-कसरी आफ्ना वाचाहरू लागू गरेर देखाउँछ भन्ने कौतूहल चुलिएको छ । उक्त पार्टीले निर्वाचन पूर्व सुर्खेतबाट जारी गरेको १०० बुँदे 'वाचापत्र' र निर्वाचनका दिन मेची-महाकालीभित्रका ६ हजार ७४३ वटा वडाहरूमा नेपालका नागरिकहरूसँग गरेको 'नागरिक करार' कसरी लागू होला? यसबीच आकाशिएको जनाकांक्षा र युवाकांक्षालाई पूरा गर्न के सम्भव होला ? यस्तै प्रश्नहरूको जवाफ खोज्दै केही दिनभित्र गठन हुने नयाँ सरकारको अग्निपरीक्षा शुरु हुनेछ । त्यो अग्निपरीक्षा हो गरेका वादा र बढेका जनाकांक्षा अनुरुप देशलाई स्थिरता र समुन्नतिको राजमार्गमा हाँक्ने । उता शासन गर्ने सिंहदरबारतिर फर्कौं । जेनजी विद्रोह दौरान गत भदौ २४ मा तहसनहस भएको केन्द्रीय सचिवालय सिंहदरबारमा अनगिन्ती चुनौतीले नयाँ सरकारलाई कुरेर बसिरहेको छ । यी र यस्ता चुनौतीको भारले थिचिएर बस्ने छुट नयाँ सरकारलाई मतदाताले दिँदैनन्। तर सान्दर्भिक सवाल यो छ कि यी सबै चुनौती समाधान गर्न के अहिलेको कर्मचारीतन्त्र सबल छ ? 'छैन' भन्ने जवाफ अवश्य आउँछ आम जनमानसको कोरसबाट । यसैले अब्बल शासकीय सुधार यो समयको व्यग्र खोजी हो । शासकीय सुधारको कुरा चल्दा कर्मचारीतन्त्रमै फेरि फर्कौं । एउटा रोचक ब्राजिलियन चुट्किला छ । राजनीतिक समाजशास्त्री प्रोफेसर रबर्ट इभान्स आफ्नो प्रसिद्ध पुस्तक 'इम्बेडेड अटोनोमी' (गाँसिएको स्वायत्तता) यही चुट्किलाबाट शुरु गर्छन् । चुट्किलाको भावार्थ यस्तो छ । एकदिन देश-संसार हेर्न दुई वटा सिंह चिडियाखानाबाट भाग्छन् र तिनले अलग-अलग बाटो तताउँछन् । पहिलो सिंह बाक्लो वन भएको पार्क भएतिर छिर्छ । भोकको सुरमा नजिकै हिंडिरहेको एउटा मान्छेलाई खाँदाखाँदै ऊ पक्राउ पर्छ । मुसो जस्तो भएर ऊ चिडियाखानामा फिर्ता आइपुग्छ । अर्को सिंहको महिनौं दिनसम्म कुनै अत्तोपत्तो हुँदैन । एकदिन ऊ पनि पक्राउ परेर त्यही चिडियाखानाको खोरमा आइपुग्छ । निकै फष्टपुष्ट भएर फिरेको दोस्रो सिंहलाई देख्नासाथ कौतूहलपूर्वक पहिलो सिंहले सोधिहाल्छ- "यतिका दिनसम्म यसरी सकुशल लुक्ने ठाउँ कहाँ फेला पार्‍यौ साथी ?" सरकारको एउटा मन्त्रालयमा भन्ने जवाफ दोस्रोले झटपट फर्काउँछ । ऊ अझै भन्दै जान्छ हरेक तीन दिनमा एउटा सरकारी कर्मचारी खाने गर्थें। कसैले थाहै पाउँदैनथे। "अनि कसरी पक्राउ पर्‍यौ त !" नथामिएर पहिलोले पुन: सोधिहाल्छ । गल्तीवश एकदिन बिहानको सत्रमा कफी बनाउने कामदार खाएछु । त्यसपछि थाहा पाइहाले र म तत्कालै पक्राउ परिहालें । बहुत उदास हुँदै उसले जवाफ फर्काउँछ । यो चुट्किलाभित्र थुप्रै सन्देश भेटिन्छन्। मन्त्रालयमा कर्मचारी काम गर्दैनन् र यसैले गर्दा कर्मचारी अफिसमा भए/नभएको थाहा-पत्तो नै नहुने अवस्था दर्शाउँछ। सरकारी कर्मचारीको अत्तोपत्तो नै नहुने भएपछि कामको कुरो दुरको विषय भइगयो । हालसम्मको सरकारहरूको सफलता र असफलतामा कर्मचारीतन्त्रको समेत संलग्नता छ । यो सत्यलाई स्वीकार्न किन्तु परन्तु भन्नुपर्दैन । विगतमा भएका सुधार प्रयासलाई धन्यवाद दिउँ । तर असफलताका लागि के गर्ने त ? सरकार प्रमुखले कर्मचारीतन्त्रलाई दोष दिएर वा गालीगलौज गरेर दिन खेर फाल्ने कुरा भएन । यसमा चाहिएको सुधार गर्ने आँट नै हो । आखिरकार कर्मचारीतन्त्रको विकल्पको आविष्कार भइसकेको अवस्था छैन। दुनियाँभरका राज्य संयन्त्रहरू चलिरहेछन् सुधारको विकल्पले । 'सरकार हाम्रा समस्याहरूको समाधान हैन, सरकार नै समस्या हो' भन्दै कुर्लिने खुला बजारका पक्षपाती रोनाल्ड रेगन एकताका (सन् १९८१-१९८९) अमेरिकामा राष्ट्रपति थिए । उनले पनि कर्मचारीतन्त्रमा सुधार गर्दै आफ्ना नीतिहरूको सफल प्रयोग गरेर गए । रेगन अन्तत: सफल मात्रै भएन रूपान्तरणकारी राष्ट्रपतिको छोटो सूचीमा गनिए र उनको नवउदारवादी सुधारलाई 'रेगनामिक्स' भन्न थालियो । यसै पनि हरेक राजनैतिक उथुलपुथलपछि शासकीय सुधार गर्ने संसारमा चलेको रित हो । त्यसमाथि ठूलो वाचा सहित शासनमा उक्लिएको सरकारले यो सुधार नगरी पाइला सर्दैन । अहिले हिंडेर पुगिने अवस्था छैन । कस्सिएर दौडिनुपर्नेछ । नेपाली समाजले व्यापक र तीव्रतर सुधारहरू मागेको छ । तर त्यस्ता सुधारको तर्जुमा गर्नेदेखि लिएर लागू गर्ने सवारी साधन कर्मचारीतन्त्र नै हो । यसलाई भरपर्दो म्याराथन धावक बनाउने शासकीय सुधारले हो । यस अन्तर्गत भ्रष्टाचार नियन्त्रण प्रशासनिक तथा निजामती सुधार न्यायिक क्षेत्र सुधार राजस्व सुधारप्रहरी प्रशासन सुधार सुरक्षा क्षेत्र सुधार सार्वजनिक सेवा सुधार कूटनीतिक क्षेत्र सुधार निर्वाचन प्रणाली सुधार, अन्तर सरकार सम्बन्ध सुधार लगायत अनेकन् पहलहरू भावी सरकारप्रमुखको प्राथमिकताको राडारमा पर्नुपर्ने छँदैछ । यसो भन्दा विगतमा सुधार नगरिएको हैन । तर अबको सुधारले थप मागेको डिजिटल रूपान्तरण र कार्यान्वयन सहितको सुधार हो। मलाई लाग्छ, पाँच वर्षको कार्यकाल लिएर आएको भावी सरकारको पहिलो एक-दुई साल यिनै शासकीय सुधारहरूमा बेस्सरी खर्चनुपर्नेछ । बाँकी रहने समयमा द्रुत र उच्च आर्थिक वृद्धिको प्राप्ति र लाभको न्यायपूर्ण वितरणमा अत्यधिक खर्चिनुपर्ने हुन्छ । अर्को चुनौती भनेको अबको सुधार बहुतले हुनुपर्छ अर्थात् उँधोउँभो (भर्टिकल) समेटेको हुनुपर्नेछ । सुधारभित्र सबै तहको शासकीय संरचनाहरू समेटिनुपर्नेछ। केवल संघीय सरकारको तहमा गरेको सुधार जनसमक्ष पुग्दैन । प्रदेश सरकार र स्थानीय तहमा समेत सुधारको सिंचाइ पुग्नुपर्नेछ । यसका अतिरिक्त तेर्सो (होराइजन्टल) सुधार पनि उत्तिकै आवश्यक देखिन्छ। केवल कार्यपालिकाले आफूभित्र गरेको सुधारले पुग्दैन । राज्य संयन्त्रभित्र प्रशासनिक संरचनाभन्दा वरपर रहेका संवैधानिक लगायत केन्द्रीय तहका विभिन्न अङ्कमा सुधार पुग्नुपर्नेछ। यसै पनि भनिन्छ, नेपालमा तीन तहको सरकारबाट करीब पच्चीस सयदेखि पैंतीस सय वटा सेवाहरू नागरिकहरूलाई दिने गरिएको भनिन्छ । अधिकांश ती सेवाहरूको डिजिटलाइजेशन हुन सिङ्कै बाँकी छ। हेर्दा हर्कुलसको जस्तो देखिएला यो भीमकाय परिवर्तन । तर यसको लागि आगामी सरकारको कम्मर शुरुवातदेखि नै कस्सिएको हुनुपर्नेछ । तथापि यी तमाम सुधारहरू एकै खेपमा नसकिएर खेप-खेपमा वा नियमित रूपमा गर्नुपर्ने हुन सक्छ । यस्तो पृष्ठभूमिमा शासकीय सुधार पहिलो खेपको सुधारको प्राथमिकतामा नपरे राज्य संयन्त्र गाडी हैन ठेलागाडा बन्ने खतरा मडारिन्छ । त्यसबाट आम नागरिक खासगरी युवा पुस्तामा फेरि झ्यांगिन सक्ने निराशा र त्यसको दुष्परिणाम सबैका लागि ज्यादै महँगो पर्न सक्छ । यहाँनेर भन्नै पर्ने हुन्छ "भइहाल्छ नि" भन्ने पुरातन शैलीले सुधारमा सिन्को भाँच्दैन । यसै पनि संसारमा सुधार सित्तैंमा अथवा नि:शुल्क भएको छैन । यसमा केही न केही लागत लागेकै हुन्छ । कसै न कसैले केही न केही मूल्य चुकाउनै पर्ने हुन्छ। साथै सुधारबाट फल्ने फल खान पाक्ने समय कुर्नुपर्ने हुन्छ । यसरी कुर्नु पर्दा खप्नुपर्ने प्रसव-पीडा कहिलेकाहीं चर्को पनि हुन सक्छ । यसबीच चुकाउनुपर्ने ठूलो मूल्य सरोकारवालाहरूको आक्रोश र विरोधले उत्पन्न गराउँछ । 'सुधार थकान' (रिफर्म फटिग) भन्ने विशेष परिस्थिति हुन्छ जसले कैयन् सुधारकर्तालाई औंधी सताउँछ र गलाउँछ । टि रेनें बोएन र अन्यले गरेको अनुसन्धानात्मक लेखको निचोड नेपालका हकमा निकै सान्दर्भिक छ । शुरुशुरुमा राजनीतिकर्मीहरू सुधारमा तातेर लाग्छन् । तर विस्तारै शुरुका सुधार अभ्यासहरू जब असफल हुन्छन् उनीहरू पनि क्रमश: सुस्ताउँदै सेलाउँदै जान्छन्। यद्यपि यस्तो अवस्थाबाट बचेर सुधार जारी राख्नुपर्ने हुन्छ । कुशल शासकको परीक्षा यहींनेर हुन्छ । उसले कत्तिको सुझबुझपूर्ण तवरले तमाम बाधा अवरोधको आँधीबेरीमा नथाकी सुधारको जहाजलाई सकुशल गन्तव्यसम्म पुर्‍याउँछ त्यो हेर्न भविष्यसम्म कुर्नै पर्ने हुन्छ । सुधार विरुद्ध हुने विरोध अर्को खड्को छ जसको केही पूर्वानुमान गर्न सकिन्छ। यसै पनि सुधार संस्थाहरूको दक्षता बढाउन र सेवा अथवा वस्तुको उत्पादन वा उत्पादकत्व बढाउन गरिन्छ । सधैं अदक्षताको लागत भार आम नागरिक वा राज्यमाथि बोकाइरहँदा एक सानो समूहलाई सधैं सुविधा र फाइदा पुगिरहेको हुन्छ । यस्तै समूहलाई एकथरी आलोचकले 'तरमारा' पनि भन्ने गर्छन्। यस्तै प्रसङ्गमा हो रेगनले सरकारको समाधान बजारमा भएको इङ्गित गरेका थिए। त्यसका लागि सेवा तथा वस्तु उपलब्ध गराउने क्षेत्र बजारलाई छोड्दै जानुपर्ने हुन्छ । जस्तै: वायुसेवाका लागि नेपाली आकाश र जलविद्युत् उत्पादनको ढोका निजी क्षेत्रलाई खुला गरेपछि निजी क्षेत्रले निकै फड्को मार्‍यो । सेवा प्रदायक वायुसेवाहरू खुले । बिजुली उत्पादन ह्वात्तै बढ्यो । तर पनि वर्षौंबाट हिंडिरहेको बाटो छोडेर नयाँ बाटो हिंड्न खोज्दा नै हो अवरोध आउने ! सुधार गर्दा आउने बाधाको लेखाजोखा गर्दा विदेशी लगानीका लागि नयाँ-नयाँ क्षेत्रहरू खोल्नुपर्‍यो भने अहिलेसम्म एकाधिकार भोग गरिरहेका स्वदेशी व्यवसायीहरूबाट संभवत: विरोध आउन सक्छ । किनकि यहाँनेर 'क्रोनी-क्यापिटालिज्म' (आसेपासे पूँजीवाद) ले घर गरेर बसेको हुन सक्छ । निजामती क्षेत्रभित्र अलि ठूलो सुधार खोजियो भने संभवत: कर्मचारीका संघ-संगठनहरूबाटै विरोध हुन सक्छ । सार्वजनिक विद्यालय शिक्षा प्रणालीमा सुधार गर्नु पर्दा सरकारी शिक्षकहरू विगतमा जस्तै फेरि पनि आन्दोलित हुन सक्छन् । किनकि अधिकांशलाई दक्षतामा भन्दा खाईपाई आएको सुविधामा बाँच्ने कुलत बसिसकेको हुन्छ । संसारमा भएको सुधारको प्रतिरोधतिर फर्किएर हेर्दा लामो फेहरिस्त भेटिन्छ । यतिखेर केही झलक मात्रै हेरौं । भारतले २०२०-२०२१ मा निकै लामो र ठूलो किसान आन्दोलन झेल्नु पर्‍यो । त्यो त्यतिखेर भयो जब भारत सरकार २०२० सेप्टेम्बरमा कृषि सम्बन्धी तीन वटा कानून निर्माणमा एकैचोटि अघि बढ्यो । यी सबैका लागि ठूलो मात्रामा चाहिने स्रोत-साधन प्रविधि र बजार जुटाउन घरभित्र र बाहिर आर्थिक कूटनीति र विकास कूटनीति कुशल भई तिनमा नेपालको पहुँच व्यापक विस्तार गराउन सकोस् । संक्षेपमा चुनावको बेला जारी गरेको 'वाचापत्र' र 'करारपत्र'लाई हुबहु लागू गराउन सक्ने क्षमता अबको शासकीय सुधारले दिलाउनुपर्छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा व्यस्तता बढ्नेछ।जिम्मेवारी आउन सक्छ। आर्थिक पक्ष सामान्य रहनेछ। | **तुला** : पेशामा नयाँ अवसरहरू मिल्नेछन्। भविष्यलाई लिएर मन चिन्तित रहनेछ। |
| **वृष** : जागिरमा प्रगति हुनेछ। परिवार सँग राम्रो सम्बन्ध बनाउन सक्नुहुनेछ। | **वृश्चिक** : नयाँ लगानी गर्दा फाइदा मिल्नेछ। यात्राको योग बनिरहेको छ। |
| **मिथुन** : साथीबाट सोचेजस्तो सहयोग नपाइएला। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। | **धनु** : विशेष व्यक्तिसँग भेटघाट हुने योग छ।चिन्ताहरूबाट मुक्ति मिल्नेछ। |
| **कर्कट** : अलग पहिचान बनाउन सफल भइनेछ। प्रशासनिक क्षेत्रमा प्रभाव बढ्नेछ। | **मकर** : सामाजिक गतिविधिमा व्यस्त रहनुहुनेछ। मेहनत बढी गर्नुपर्ला। |
| **सिंह** : धैर्य वा आत्मविश्वासमा कमी आउनेछ। आर्थिक पक्ष सबल रहनेछ। | **कुम्भ** : आएको अवसर गुमाउनुपर्ला। कार्यक्षेत्रमा छिट्टो विश्वास नगरिहाल्नुहोस्। |
| **कन्या** : नोकरीमा उच्च अधिकारीहरू हजुरको कामबाट सन्तुष्ट रहनेछन्। | **मीन** : सञ्चारबाट फाइदा हुनेछ। यक्तित्व निर्माण गर्ने समय रहेको छ। |

## विज्ञान/सूचना प्रविधि

# गुगललाई नक्सा डाटा निर्यात अनुमति




वर्षौंदेखि विदेशी पर्यटक र प्रयोगकर्ताले भोग्दै आएको असुविधापछि दक्षिण कोरियाले गुगललाई देशको अत्यन्तै सटीक नक्सा डाटा विदेशी सर्भरमा निर्यात गर्न सशर्त अनुमति दिएको छ । सरकारले शुक्रबार गरेको निर्णयसँगै कोरियामा गुगल नक्सा पूर्ण रूपमा सञ्चालन हुने बाटो खुलेको मानिएको छ । भूमि, पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार सरकारी अधिकारी र निजी विज्ञहरूको समीक्षा पश्चात् गुगलको १:५,००० स्केलको विस्तृत म्यापिङ डाटा निर्यात गर्ने अनुरोध स्वीकृत गरिएको हो । तर उक्त अनुमति नेभिगेसन सेवाका लागि आवश्यक सीमित डाटामात्र स्थानान्तरण गर्न पाइने, उचाइ रेखाजस्ता संवेदनशील विवरण समावेश नगर्ने र थप सुरक्षा उपाय अपनाउने सर्तमा दिइएको मन्त्रालयले स्पष्ट पारेको छ । मन्त्रालयका अनुसार गुगलले पहिलो चरणमा डाटा दक्षिण कोरियाभित्रैका सर्भरमा प्रशोधन गर्नुपर्नेछ र त्यसपछि मात्र सरकारी स्वीकृति लिएर निर्यात गर्न पाउनेछ । साथै, दक्षिण कोरियाली भूभागसँग सम्बन्धित सटीक निर्देशाङ्क हटाउन र गुगल अर्थ तथा स्ट्रिट भ्यूजस्ता समय-शृङ्खला सेवामा सैन्य तथा अन्य संवेदनशील स्थलका स्याटेलाइट र हवाई तस्वीरहरू धमिलो (ब्लर) बनाउनुपर्ने माग पनि सरकारले राखेको छ । सरकारले गुगललाई नक्सा डाटा निर्यातसम्बन्धी विषय व्यवस्थापन गर्न दक्षिण कोरियामा एक अनुपालन अधिकारी नियुक्त गर्न निर्देशन दिएको छ । तोकिएका सर्तहरू पालना नभए स्वीकृति निलम्बन वा रद्द गर्न सकिने मन्त्रालयले जनाएको छ । गुगलका सरकारी मामिला तथा सार्वजनिक नीतिका उपाध्यक्ष क्रिस टर्नरले इमेलमार्फत जारी वक्तव्यमा कम्पनीले 'आजको निर्णयलाई स्वागत गरेको' र 'कोरियामा पूर्ण रूपमा कार्यशील गुगल नक्सा उपलब्ध गराउन स्थानीय अधिकारीहरूसँग निरन्तर सहकार्य गर्ने अपेक्षा' राखेको बताए । यसअघि दक्षिण कोरियाले राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ता र संवेदनशील भौगोलिक जानकारी घरेलु सर्भरमै राख्नुपर्ने नीतिका कारण गुगलको विस्तृत डाटा निर्यात अनुरोध वर्षौंसम्म अस्वीकार गर्दै आएको थियो । ती प्रतिबन्धका कारण दक्षिण कोरिया त्यस्ता थोरै देशमध्ये पर्दै आएको थियो जहाँ विश्वव्यापी रूपमा लोकप्रिय गुगल नक्साको प्रयोग सीमित थियो । फलस्वरूप, स्थानीय प्रयोगकर्ताहरू प्रायः नाभर र काकाओजस्ता स्वदेशी इन्टरनेट कम्पनीका सेवामा निर्भर रहँदै आएका थिए । आलोचकहरूले भने ती प्रतिबन्धका कारण विदेशी आगन्तुकहरूमा असन्तुष्टि बढेको र पर्यटन क्षेत्रमा नकारात्मक असर परेको तर्क गर्दै आएका थिए । दक्षिण कोरिया आफूलाई प्रमुख अन्तर्राष्ट्रिय यात्रा गन्तव्यका रूपमा स्थापित गर्न खोजिरहेका बेला गुगल नक्साको सीमित प्रयोगले प्रत्यक्ष असर परेको हुनसक्ने उनीहरूको भनाइ थियो । *-रासस*

# ग्यालेक्सी एस २६ अल्ट्रा सार्वजनिक गर्दै सामसङ

दक्षिण कोरियाली प्रविधि कम्पनी सामसङ इलेक्ट्रोनिक्स बुधबार हुन लागेको आफ्नो वार्षिक ग्यालेक्सी अनप्याक्ड समारोहमा नयाँ ल्यागशिप स्मार्टफोन सिरिज सार्वजनिक गर्ने तयारीमा छ । कार्यक्रम अमेरिकाको सान फ्रान्सिस्कोमा नेपाली समयअनुसार राति सुरु हुनेछ । कम्पनीले यसपटक सामसङ ग्यालेक्सी एस २६ अल्ट्रासहित ग्यालेक्सी एस २६ र एस २६ प्लस पनि सार्वजनिक गर्ने अपेक्षा गरिएको छ । कार्यक्रम सामसङको आधिकारिक वेबसाइट र युट्युब च्यानलमार्फत प्रत्यक्ष प्रसारण गरिनेछ । सामान्यतया एक घण्टा जति चल्ने अनप्याक्ड कार्यक्रममा अन्त्यतिर 'सप्राइज' टिजर पनि देखाइन्छ । विभिन्न रिपोर्टहरूका अनुसार कम्पनीले यस वर्ष पनि आफ्नो परम्परागत तीन मोडल रणनीति कायम राख्नेछ र ग्यालेक्सी एस २६, एस २६ प्लस र एस २६ अल्ट्रा सार्वजनिक गर्नेछ । यसअघि 'प्रो' ब्रान्ड ल्याउने र प्लस मोडल हटाउने हल्ला चले पनि कोरियाली मिडियाले ती योजना त्यागिएको जनाएको छ । सम्भावित एस २६ एज मोडल भने अनिश्चित अवस्थामा रहेको बताइन्छ ।



**डिजाइनमा परिवर्तन**

लिकहरू अनुसार ग्यालेक्सी एस २६ अल्ट्राको डिजाइन अघिल्लो पुस्तासँग मिल्दोजुल्दो रहनेछ । केही स्रोतले क्यामेरा बम्प सामसङ ग्यालेक्सी जेड फोल्ड ७ जस्तै हुन सक्ने बताएका छन् भने अन्य रिपोर्टले सपाट डिजाइन नै कायम रहने दाबी गरेका छन् । यसले आधिकारिक घोषणा नआउँदासम्म डिजाइनबारे अन्योल कायम छ । रङ विकल्पतर्फ कालो, सेतो, शिल्भर श्याडो, स्काई ब्लु, कोबाल्ट भेल्भेट र पिङ्क गोल्ड उपलब्ध हुने सम्भावना छ, जुन कम्पनीको प्रिमियम लाइनअपसँग मेल खान्छ ।

**शक्तिशाली प्रोसेसर र धेरै क्षमताको र्‍याम** ग्यालेक्सी एस२६ शृंखलामा क्वालकमको नयाँ स्न्यापड्र्यागन८ एलाइट जेन ५ चिप प्रयोग हुने व्यापक चर्चा छ । केही क्षेत्रमा भने सामसङकै एक्जिनोस २६०० चिप प्रयोग हुन सक्ने रिपोर्ट पनि आएका छन् । सबै मोडलमा १६जीबी र्‍याम उपलब्ध हुने हल्लाले विशेष चासो बढाएको छ । यदि यो साँच्चै भयो भने हालका वर्षहरूमा ग्यालेक्सी फोनमा देखिएको सबैभन्दा उच्च र्‍याम कन्फिगरेसन हुनेछ । स्टोरेज विकल्प भने प्रायः यथावत रहने अपेक्षा गरिएको छ- अर्थात् साधारण मोडलमा १२८ जीबी र अल्ट्रा मोडलमा २५६ जीबी बेस भेरियन्ट ।

**ब्याट्रीमा ठूलो सुधारको सम्भावना** यस वर्षको सबैभन्दा ठूलो अपग्रेड ब्याट्रीमा हुन सक्ने अनुमान छ । सामसङले 'स्ट्याकड ब्याट्री' प्रविधि प्रयोग गरेर क्षमतामा वृद्धि गर्ने तयारी गरेको बताइन्छ । ग्यालेक्सी ए २६ अल्ट्रामा करिब ५,५००एमएएच बेस ग्यालेक्सी एस२६ मा करिब ४,३०० एमएएच यसले आकार नबढाई ब्याट्री लाइफ सुधार गर्ने लक्ष्य गरिएको छ । केही रिपोर्टले ठूलो ब्याट्री अटाउन सामसङले क्यामेरा सेन्सर घटाउने परीक्षणसमेत गरेको दाबी गरेका छन् । तर अन्तिम डिजाइन अझै पुष्टि भएको छैन ।

**एआई र गोपनीयतासम्बन्धी नयाँ फिचर** सामसङले नयाँ 'प्राइभेसी डिस्प्ले' फिचरको टिजर दिइसकेको छ, जसले हार्डवेयर र सफ्टवेयर संयोजनमार्फत स्क्रिन सुरक्षा बलियो बनाउने बताइएको छ । साथै, उन्नत ग्यालेक्सी एआई फिचरहरू पनि केन्द्रमा रहने अपेक्षा गरिएको छ । कम्पनीले हालै पर्प्लेक्सिटी एआईको 'हे प्लेक्स' सहायकलाई आफ्ना ग्यालेक्सी उपकरणमा एकीकृत गर्ने घोषणा गरेको थियो । यसले सामसङको आफ्नै बिक्सबाई र गुगल जेमिनाईसँगै काम गर्नेछ । सामसङको पुरानो ढाँचा अनुसार कार्यक्रम सकिएलगत्तै वा भोलिपल्टबाट प्रि-अर्डर खुल्न सक्छ । मूल्यबारे आधिकारिक जानकारी आउन बाँकी भए पनि अल्ट्रा मोडल प्रिमियम सेग्मेन्टमै रहने अनुमान गरिएको छ । आजको ग्यालेक्सी अनप्याक्डपछि ग्यालेक्सी एस २६ शृंखलाका वास्तविक स्पेसिफिकेसन, मूल्य र उपलब्धताबारे स्पष्ट तस्वीर आउनेछ । स्मार्टफोन बजारमा प्रतिस्पर्धा चर्किरहेका बेला सामसङको नयाँ फ्ल्यागशिपले कस्तो प्रभाव पार्छ भन्ने चाहिँ हेर्न बाँकी नै छ । *-रातोपाटी डटकम*

# आइफोनको क्यामेरा नजिकै भएको गोलाकार कालो धब्बा के हो ? के काम गर्छ ?



तपाईंले कहिल्यै आफ्नो आइफोनमा क्यामेराको नजिकै भएको एउटा सानो कालो वृत्त ख्याल गरेका छन् ? विशेषगरी तीनवटा क्यामेरा भएका प्रो मोडेलका आइफोनमा रहने उक्त कालो घेरा लुकेको क्यामेरा पो हो कि भन्ने तपाईंलाई लागेको हुनसक्छ । तर वास्तवमा त्यो कुनै क्यामेरा होइन । त्यो त एउटा विशेष प्रकारको सेन्सर हो जसलाई LiDAR स्क्यानर भनिन्छ ।

तथापि धेरैजसो आइफोन प्रयोगकर्तालाई त्यस शक्तिशाली सेन्सर र त्यसको क्षमताबारे जानकारी नै हुँदैन ।

**लिडार सेन्सर के हो ?**

आइफोनका प्रो मोडेलहरूको क्यामेरा प्रणालीसँग एप्पलले लामो समयदेखि उपलब्ध गराउँदै आएको LiDAR स्क्यानर निकै उपयोगी फिचर हो । यो लेजर प्रविधिको प्रयोग गरेर अगाडि रहेको वस्तुको दूरी र आकार नाप्ने सेन्सर हो । यसबाट अत्यन्तै तीव्र प्रकाश किरणहरू निस्कन्छन् जुन हामी नाङ्गो आँखाले देख्न सक्दैनौं । जब यी किरणहरू अगाडि रहेको वस्तुसँग ठोक्किएर फर्किन्छन् तब सेन्सरले त्यसको दूरी र बनावट अर्थात आकार पहिचान गर्छ । क्यामेराको छेउमा रहेको यो कालो गोलो भागले फोटो र भिडियो अझ राम्रो बनाउनुका साथै थ्री डी म्यापिङ, कोठाको सही मापन, राम्रो अटोफोकस, एआर इफेक्ट्स र कम उज्यालोमा उत्कृष्ट फोटो-भिडियो खिच्न मद्दत गर्छ । सरल भाषामा भन्नुपर्दा यस सेन्सरको सहयोगबाट फोनले कुनै वस्तुहरूलाई झण्डै त्यही तरिकाले 'हेर्न' सक्छ जसरी हामीले आफ्नो आँखाले देख्न सक्छौं । अब LiDAR स्क्यानर प्रयोग गरेर के के गर्न सकिन्छ त ?

**अँध्यारोमा फोटो खिच्न**

सामान्यतया अँध्यारोमा मोबाइलबाट राम्रो फोटो खिच्न गाह्रो हुन्छ । तर LiDAR स्क्यानरको सहयोगमा अँध्यारोमा पनि गज्जबको तस्वीर खिच्न सकिन्छ । उक्त सेन्सरको मद्दतले हाम्रो आइफोनले छिटै तथा सजिलै अटोफोकस गर्न सक्छ । एप्पलका अनुसार िष्म्ब्च सेन्सर प्रयोग हुँदा क्यामेराले करिब छ गुणासम्म छिटो अटोफोकस गर्छ । विशेष गरी हामीलाई तुरुन्तै कुनै वस्तुको फोटो खिच्नुपरेको बेला यो निकै उपयोगी हुन्छ ।

आइफोनमा प्रयोग हुने यो सेन्सरको अर्को विशेषता भनेको यसलाई फोनमा छुट्टै सक्रिय पार्नु पर्दैन । क्यामेराबाट फोटो खिच्दा यो सेन्सर आफैं सक्रिय भएर फोटोको गुणस्तर अझ राम्रो बनाइदिन्छ ।

**वस्तुहरूको आकार नाप्न**

LiDAR सेन्सरको सहयोगले तपाईंले वरपरका वस्तुहरूलाई अत्यन्तै सटीक रूपमा मापन गर्न सक्नुहुन्छ । खासगरी वस्तुको आकार मापन गर्ने कुनै उपकरण नहुँदा यो फिचर निकै उपयोगी हुन्छ । यसका लागि तपाईं आइफोनमै भएको मिजरमेन्ट एप प्रयोग गर्न सक्नुहुन्छ । LiDAR सेन्सर भएका आइफोनहरूले वस्तुको दूरी, उचाइ र चौडाइ निकै सटीक रूपमा मापन गर्न सक्छन्, जसले दैनिक कामलाई अझ सजिलो बनाउँछ ।

**भीआर गेमको आनन्द लिन**

LiDAR सेन्सर भएका आइफोनहरू गेमिङ प्रेमीका लागि निकै उपयोगी साबित हुन्छन् । वास्तवमा यसको सहयोगले विभिन्न भर्चुअल रियालीटी अर्थात भिआर गेमहरु खेल्न सकिन्छ । लिडार सेन्सरका कारण अनलाइन गेमहरू अधिक वास्तविक देखिन्छन् । सामान्य फोनमा VR गेम खेल्दा विभिन्न समस्या देखिन सक्छन् । तर LiDAR सेन्सर भएको आइफोनमा भिआर गेमिङ अनुभव निकै गज्जब र सहज हुन्छ ।

**कोठा स्क्यान गर्न**

LiDAR सेन्सरको मद्दतले तपाईं आफ्नो कोठा स्क्यान गरेर त्यसको थ्री मोडेल पनि बनाउन सक्नुहुन्छ । यसका लागि तपाईंले CanvasM LiDAR .D Measurements नामको एप प्रयोग गर्नुपर्छ । यो एप प्रयोग गरेर तपाईं सजिलै कुनै पनि वस्तु वा सम्पूर्ण कोठा स्क्यान गरी त्यसको विस्तृत थ्री डी मोडेल तयार गर्न सक्नुहुन्छ । यसले कोठाको डिजाइन, सजावट योजना र नापजाँचका कामलाई निकै सजिलो बनाउँछ ।

**घरमा फर्निचर 'ट्राइ' गर्न**

यदि तपाईं घरका लागि फर्निचर वा अन्य सामान किन्ने सोचमा हुनुहुन्छ भने, फोनमा रहेको LIDAR सेन्सरको मद्दतले त्यो सामान तपाईंको घरमा कस्तो देखिन्छ भनेर पहिले नै हेर्न सक्नुहुन्छ । अमेजन जस्ता कतिपय ई कमर्श एपहरूमा सामानको थ्री डी मोडेल आफ्नो कोठामा राखेर हेर्न सकिने फिचर हुन्छ । त्यस काममा LiDAR सेन्सर निकै उपयोगी हुन्छ । LiDAR सेन्सरले कुनै पनि थ्री डी वस्तु तपाईंको कोठामा कस्तो फिट हुन्छ र कस्तो देखिन्छ भन्ने कुरा अत्यन्तै सटीक रूपमा देखाइदिन्छ । *-अनलाइन खबर डटकम*

# आफ्नै बुद्धिभन्दा एआईमा बढी विश्वास

आधुनिक प्रविधिको बढ्दो प्रयोगसँगै विश्वका शक्तिशाली व्यापारिक नेतृत्वहरू आफ्नो निर्णय लिने क्षमता आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लाई सुम्पिन थालेका छन् । मार्केट रिसर्च एजेन्सी ३-जेमले गरेको पछिल्लो अध्ययन अनुसार बेलायतका ६२ प्रतिशत बिजनेस लिडरहरू महत्त्वपूर्ण निर्णय लिनका लागि एआई च्याटबोटको सहारा लिइरहेका छन् । अध्ययनमा सहभागी २०० जना सञ्चालक, संस्थापक र प्रमुख कार्यकारी अधिकृतहरूमध्ये ४६ प्रतिशतले आफ्ना व्यावसायिक साझेदारको तुलनामा एआईको सल्लाहलाई बढी विश्वास गर्ने गरेको अनौठो तथ्य बाहिरिएको छ । यो निर्भरता यतिसम्म बढेको छ कि १४० जना नेतृत्वकर्ताले आफ्ना व्यक्तिगत विचार र एआईको सिफारिस बाझिँदा उनीहरू आफ्नै सोचमा शंका गर्न थालेका छन् । गत वर्षको एक रिपोर्टले त ६४ प्रतिशत व्यवसायीले कर्मचारी निष्कासनजस्ता संवेदनशील विषयमा पनि एआईको सल्लाह लिने गरेको देखाएको थियो । डेनमार्कका मनोचिकित्सक सोरेन ओस्टरगार्डले त यसलाई एआई साइकोसिसको संज्ञा दिएका छन् । यसले मानिसमा कग्निटिभ डेट अर्थात् दिमागी सुस्ती बढाउने र तर्क शक्ति गुम्दै जाने खतरा रहन्छ । एमआईटीको शोधले पनि च्याटजीपीटी जस्ता प्रविधिले युवाहरूको क्रिटिकल थिंकिङ (आलोचनात्मक सोच) खतम गरिरहेको देखाएको छ । *-डिसी नेपाल डटकम*


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

# डढेलो नियन्त्रणका लागि सप्ताहव्यापी कार्यक्रम



**पाल्पा,** चैत २/देशभर डढेलो नियन्त्रणका लागि सप्ताहव्यापी कार्यक्रम थालिएको छ । 'वन डढेलो नियन्त्रणमा प्रभावकारिता: तीनै तहका सरकार र समुदायको सहभागिता' नाराका साथ आइतबारदेखि 'वन डढेलो व्यवस्थापन सप्ताह' सुरु भएको हो ।

वन तथा वातावरण मन्त्रालयले वन डढेलो व्यवस्थापन रणनीति, २०६७ अनुसार प्रत्येक वर्ष चैत १ देखि ७ गतेसम्म 'वन डढेलो व्यवस्थापन सप्ताह' मनाइँदै आएको छ । वन क्षेत्रमा लाग्ने डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रम गरी सप्ताह मनाउन लागिएको हो । सप्ताहका अवसरमा देशभरका सबै डिभिजन वन कार्यालय, वन उपभोक्ता समूह, विकास तथा संरक्षण साझेदार संस्था तथा सम्बन्धित सरोकारवाला निकायलाई आ-आफ्नो कार्यक्षेत्रमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले अनुरोध गरेको छ । नेपालमा सुक्खायाम सुरु भएसँगै विशेषगरी फागुनदेखि जेठसम्म वन क्षेत्रमा डढेलो लाग्ने जोखिम उच्च रहने गरेको छ । डढेलोका कारण वन स्रोत, जैविक विविधता, वातावरणीय सन्तुलन, जलस्रोत, मानव स्वास्थ्य तथा जनधनमा गम्भीर नकारात्मक प्रभाव पर्ने भएकाले यसको रोकथाम तथा नियन्त्रणका लागि समयमै प्रभावकारी पूर्वतयारी, समन्वय र जनचेतना अभिवृद्धि आवश्यक रहेको छ । मन्त्रालयका अनुसार सप्ताहका अवसरमा जनचेतना अभिवृद्धि कार्यक्रम, समुदाय तथा विद्यालयस्तरीय अभिमुखीकरण, प्रचारप्रसार अभियान, स्थानीय सञ्चारमाध्यमबाट सूचना प्रवाह, जोखिमयुक्त क्षेत्रहरूको अनुगमन, वन क्षेत्रमा अग्निरेखा निर्माण, सरसफाइ तथा अन्य उपयुक्त डढेलो व्यवस्थापनसम्बन्धी गतिविधि सञ्चालन गरिनेछ ।

# सारसको रोजाइमा...

...सारस संरक्षणलाई पर्यटनसँग जोड्ने प्रयास भइरहेको छ । पर्यटकको बसाइ अवधि लम्ब्याउने उद्देश्यले शान्ति स्तूप परिसरमा करिब दुई किलोमिटर पैदलमार्ग निर्माण गर्ने तथा चरा अध्ययन गर्न चाहने का लागि वातावरणीय सिकाइ केन्द्र स्थापना गर्ने योजना लुम्बिनी विकास कोषले अघि सारेको छ । चराविद्का अनुसार विश्वमा पाइने १५ प्रजातिका सारसमध्ये नेपालमा चार प्रजाति भेटिन्छन् । लक्ष्मण सारस, कर्याङ-कुरुङ सारस, कालो टाउके सारस र सारस । अन्तरराष्ट्रिय प्रकृति संरक्षण सै (आइयुसिएन) को रातो सूचीमा संवेदनशील प्रजातिका रूपमा राखिएका कालो टाउके सारस र सारस विश्वमै दुर्लभ पन्छी मानिन्छन् । सारस नेपालको पश्चिम तराईमा वर्षभरि पाइने रैथाने पन्छी हो । विगतमा यसको अण्डा र मासुको अवैध सिकार हुने गरेको भए पनि अहिले स्थानीयको सचेतनाले यस्तो गतिविधि धेरै हदसम्म नियन्त्रणमा आएको संरक्षणकर्मी कुर्मी बताउन्छन् । लुम्बिनी क्षेत्र सारस मात्र होइन, अन्य धेरै पन्छीको आश्रयस्थल हो । यहाँ कोइली, भङ्गाई, कालो चिबे, मधुमक्षी खाने चराहरू, विभिन्न प्रजातिका बकुल्ला, भुडीफोर, घोगीफोर, हरिहाँस, बिजुलगैरे र सानो जलेवालगायत गरी २२२ भन्दा बढी प्रजातिका चरा पाइन्छन् ।संरक्षणकर्मी धर्मेन्द्र पालका अनुसार सारससहितका चरा अवलोकनलाई व्यवस्थित गर्दै यस क्षेत्रलाई पर्यापर्यटनको महत्त्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न सकिन्छ । सारसको संरक्षणसँगै लुम्बिनी अब गौतम बुद्धका अनुयायीहरूको आध्यात्मिक गन्तव्य मात्र नभई चराविद्, अनुसन्धानकर्ता र चरा अवलोकनकर्ताका लागि पनि आकर्षक अध्ययनस्थल बन्ने सम्भावना बढेको छ ।शान्तिको भूमि लुम्बिनीमा सारसको मुक्त उडानले यहाँको प्राकृतिक सौन्दर्यलाई मात्र होइन, संरक्षणप्रतिको मानवीय संवेदनालाई झन् उजागर गरिरहेको छ ।


## वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८२/११/२९*

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/११/२९ गतेको निर्णय अनुसार कम्प्युटर विषय निजी स्रोतमा शिक्षक नियुक्त गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

**विज्ञापन नं. :** ०३/२०८२/०८३
**पद :** शिक्षक
**संख्या :** १ (एक)
**विषय :** कम्प्युटर
**शैक्षिक योग्यता :** कक्षा १२ उत्तीर्ण वा सो सरह (कम्प्युटर ज्ञान भएको)
**निवेदन दस्तुर :** रु.५००/-
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल :** विद्यालयले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति :** २०८२/१२/१३ गते
**सम्पर्क मिति :** २०८२/१२/१३ गते ४ बजे पछि **(सो दिन बिदा परेमा त्यसको अर्को दिन)**
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम :** कक्षा अवलोकन र अन्तर्वार्ता
**आवश्यक कागजातहरू :** व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्र, कम्प्युटर सिपका प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**सम्पर्क नं. :** ०७५-५२०४२८, ९८५७०६०६५१

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन-२, पाल्पा

## पाल्पा उद्योग वाणिज्य संघको निर्वाचन सम्बन्धी सूचना

**मिति : २०८२/१२/२**

पाल्पा उद्योग वाणिज्य संघको ३ बर्षे कार्यकालका लागि यही २०८२ चैत्र १४ गते शनिबारका दिन हुन लागेको कार्यसमितिको निर्वाचन लागि निर्वाचन कार्यक्रम तपसिल बमोजिम रहेको व्यहोरा संघका सम्पूर्ण सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### निर्वाचन कार्यक्रम तालिका

| क.सं. | कार्यक्रम विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताहरुको नामावली प्रकाशन | २०८२ चैत्र ३ गते मंगलवार | दिनको ३ बजे |
| २ | मतदाताहरुको नामावली माथि दावी विरोध | २०८२ चैत्र ४ गते बुधबार | विहानको १२ बजेदेखि २ बजे सम्म |
| ३ | मतदाताहरुको अन्तिम नामावली प्रकाशन | २०८२ चैत्र ४ गते बुधबार | साझको ४ बजे |
| ४ | उम्मेदवार मनोनयन पत्र वितरण | २०८२ चैत्र ५ गते विहीवार | विहानको ११ बजेदेखि ३ बजे सम्म |
| ५ | उम्मेदवार मनोनयन पत्र दाखिला | २०८२ चैत्र ६ गते शुक्रवार | दिनको १२ बजेदेखि ५ बजे सम्म |
| ६ | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०८२ चैत्र ६ गते शुक्रबार | बेलुकी ६ बजे |
| ७ | उम्मेदवारको नामावली माथि दावी विरोध | २०८२ चैत्र ८ गते आईतबार | विहानको ११ बजेदेखि २ बजे सम्म |
| ८ | उम्मेदवारको दोश्रो नामावली प्रकाशन | २०८२ चैत्र ८ गते आईतवार | दिनको ४:३० बजे |
| ९ | उम्मेदवारी मनोनयन पत्र फिर्ता लिने | २०८२ चैत्र १० गते मंगलबार | विहानको ११ बजेदेखि ४ बजे सम्म |
| १० | उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन | २०८२ चैत्र १० गते मंगलबार | साझको ६ बजे |
| ११ | मतदान | २०८२ चैत्र १४ गते शनिवार | विहान ८ बजे देखि अपरान्ह ४ बजे सम्म |
| १२ | मतगणना | | मतदान कार्य समाप्तिपश्चात |
| ११ | निर्वाचन परिणाम घोषणा | | मतगणना समाप्तिपश्चात् |

**निर्वाचन समिति २०८२**
**पाल्पा उद्योग वाणिज्य संघ**
तानसेन, पाल्पा

## हार्दिक समवेदना

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो ।।**

**जन्म २००७/०५/१०**



**मृत्यु २०८२/११/२८**

**स्व. 'प्रभु' गोविन्द भक्त पौड्याल (खत्री)**

पाल्पा प्यारागन इङ्गलिस बोर्डिङ्ग स्कूल, तानसेन, पाल्पाका प्रिन्सिपल, शेयर सदस्य गंगा बहादुर खत्री तथा हाम्रा शुभेच्छुकहरु कमल खत्री, मनबहादुर खत्री, बसन्त खत्री, मिना टण्डन, गोमा कार्की, शिव थापा, ईश्वरा गौतम केसीका पूजनीय पिता, कृष्ण टण्डन, केशव कार्की, मदन थापा, कमल गौतम केसी, मिना खत्री, सिता खत्री, शर्मीला खत्री, सुजना खत्रीका ससुरा बुवा, अर्जुन, समर्पण, संरक्षण, श्रीकृष्ण, गरिमा, कास्वी खत्रीका हजुरबुवा तथा प्रेम कुमारी खत्रीका पूजनीय पति 'प्रभु' गोविन्द भक्त पौड्याल खत्रीको मिति २०८२/११/२८ गतेका दिन भएको दुःखद् निधनले सम्पूर्ण विद्यालय परिवार मर्माहित एवम् स्तब्ध भएको छ । यस दुःखद् घडीमा दिवंगत आत्माको चिर शान्तिको कामनाका सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनि गहिरो समवेदना प्रकट गर्दछौं ।

**जगदीश प्रसाद भट्टराई**
**अध्यक्ष**

**एवम्**

**राम प्रसाद तिमिल्सिना**
**सहायक प्रिन्सिपल**

**पाल्पा प्यारागन ईङ्गलिस बोर्डिङ स्कुल परिवार**
**तानसेन-३, पाल्पा**


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई